# स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहाय बमोजिमको निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०७३ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को दफा २ मा संशोधन : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० (यस पछि "मूल निर्देशिका" भनिएको) को दफा २ को खण्ड (द) पछि देहायको खण्ड (ध) थपिएको छ :-

"(ध) "संस्था दर्ता गर्ने निकाय" भन्नाले यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन अनुमति लिनुपूर्व प्रचलित कानून बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय सम्झनुपर्छ।"

३. मूल निर्देशिकाको दफा ३ मा संशोधन: मूल निर्देशिकाको दफा ३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

(१क) कसैले यस निर्देशिका बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्थालाई आवश्यक कानूनी कारबाहीको लागि गृह मन्त्रालय मार्फत वा सोझै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनेछ र त्यस्ता संस्थाका सञ्चालकलाई भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख समेत राखिनेछ ।"

४. मूल निर्देशिकाको दफा ४ मा संशोधन : मूल निर्देशिकाको दफा ४ को उपदफा (१) को,–

(१) खण्ड (ट) मा रहेका "अग्र भागमा" भन्ने शब्दहरुको पछि "मन्त्रालयले तोके बमोजिमको ढाँचामा तयार गरी सबैले" भन्ने शब्दहरू थपिएका छन् ।

(२) खण्ड (थ) को अन्त्यमा "र सो को विवरण मन्त्रालयले तोके बमोजिमको ढाँचामा सबैले देख्ने ठाउँमा राख्नुपर्ने छ" भन्ने शब्दहरु थपिएका छन्।

(३) खण्ड (द) को अन्त्यमा "र उक्त व्यहोरा मन्त्रालयले तोके बमोजिमको ढाँचामा सबैले देख्ने ठाउँमा राख्नुपर्ने छ" भन्ने शब्दहरु थपिएका छन्।

५. <u>मूल निर्देशिकाको दफा ८ मा संशोधन</u> : मूल निर्देशिकाको दफा ८ को,–

(१) उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन :-

"(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले दफा ५ को उपदफा (१) को खण्ड (क) मा उल्लेख भएका स्वास्थ्य संस्थाको हकमा निवेदन प्राप्त गरेको मितिले सात दिन भित्र र अन्य स्वास्थ्य संस्थाको हकमा पन्ध्र दिन भित्र अनुगमन समिति खटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खटिएको अनुगमन समितिले दफा ५ को उपदफा (१) को खण्ड (क),(ख) र (ङ) मा उल्लेख भएका स्वास्थ्य संस्थाको हकमा पन्ध्र कार्य दिन भित्र र खण्ड (घ) मा उल्लेख भएका स्वास्थ्य संस्थाको हकमा तीस कार्य दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।"

(२) उपदफा (५) मा रहेका "पन्ध्र कार्य दिन" भन्ने शब्दहरूको सट्टा " सात कार्य दिन" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (५) पछि देहायका उपदफा (६)(७)र(८) थपिएका छन :-

"(६) यो उपदफा प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा ८ बमोजिम अनुमतिका लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले अनुसूची–६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी दस्तुर बुझाएमा एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पूरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

(७) यो उपदफा प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई अनुमतिको लागि निवेदन दिएका स्वास्थ्य संस्थाले अनुसूची–६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त तीन गुणा बढी दस्तुर

बुझाएमा एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पूरा गरी सञ्चालन अनुमति दिन सकिनेछ।

(८) उपदफा (२) (३) र (५) बमोजिम तोकिएको म्याद भित्र अनुमति प्रदान गर्ने निकाय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजूर गर्न सक्नेछ। यसरी प्राप्त भएको उजुरी सम्बन्धमा सम्बन्धित माथिल्लो निकायले उपदफा (२) (३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाई सञ्चालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछ ।"

६. मूल निर्देशिकाको दफा १२ मा संशोधन : मूल निर्देशिकाको दफा १२ को उपदफा (४) पछि देहायको उपदफा ५ थपिएको छ :-

"(५) उपदफा (४)मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यो उपदफा प्रारम्भ हुदाका बखतसम्म अनुमति नवीकरण नगरेका स्वास्थ्य संस्थाले सम्बत २०७३ साल फाल्गुन मसान्त भित्र अनुमतिका लागि निवेदन दिएमा अनुसूची—६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी नवीकरण दस्तुर लिई एकपटकको लागि निर्देशिका बमोजिमको प्रकृया पूरा गरी त्यस्तो अनुमति नवीकरण गरिदिन सकिनेछ।"

७. मूल निर्देशिकाको दफा १३ मा संशोधन : मूल निर्देशिकाको दफा १३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकाय वा स्वास्थ्य संस्था रहेको जिल्ला स्वास्थ्य वा जनस्वास्थ्य कार्यालय वा क्षेत्रीय स्वास्थ्य निर्देशनालयले वस्तुगत आधारमा जुनसुकै बखत अनुगमन टोली खटाई आकस्मिक अनुगमन गर्न सक्नेछ ।"

(२) उपदफा (९) पछि देहायको उपदफा (१०) थपिएको छ :-

"(१०) परिच्छेद ३ बमोजिम स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिने प्रक्रिया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनैपनि चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन ।कुनै चिकित्सक, नर्स

वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारबाहीको लागि सम्बन्धित परिषद्मा लेखी पठाइने छ ।"

८. मूल निर्देशिकामा दफा १५क. थप : मूल निर्देशिकाको दफा १५ पछि देहायको दफा १५क. थपिएको छ :-

"१५क. अनुमतिको खारेजी तथा कारवाही सम्बन्धी व्यवस्था:

(१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्नको लागि एक पटकको लागि सम्वत २०७३ साल फाल्गुन मसान्तसम्मको अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चलान सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाको दर्ता खारेजी गर्न सम्बन्धित निकायमा लेखी पठाइनेछ र दफा १२ को उपदफा (५) बमोजिमको अबधिभित्र अनुमति नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वत: खारेज हुनेछ ।